# कृषि ज्ञान केन्द्र, ओखलढुंगाको

# मासिक कृषि बुलेटिन

"कृषि मुलश्य जीवनम"

वर्ष १ | अङ्क १ | भाद्र महिना-२०७७/०७८



**प्रकाशक मण्डल**

**संरक्षक**

**हेम बहादुर आले मगर**
**(निमित्त कार्यालय प्रमुख)**

**सम्पादक मण्डल**

**श्री गणेश अधिकारी खत्री**
**(कृषि अर्थ विज्ञ)**
**श्री ऋचा शाह**
**(बाली संरक्षण अधिकृत)**
**श्री मुना बस्नेत**
**(वागवानी विकास अधिकृत)**
**श्री महेश कुमार चौधरी**
**(अधिकृत छैटौं)**
**श्री टिकाराम बानियाँ**
**(अधिकृत छैटौं)**


## सम्पादकीय

नेपालको आर्थिक उन्नतिको मेरुदण्डको रुपमा कृषि पेशा रहेको सर्वविधितै छ । जनसंख्याको ६५.६% जनताले कृषि पेशालाई नै मुख्य पेशाको रुपमा अत्मासाथ गरी जीविकोपार्जनको मुख्य स्रोत बनाएका छन । प्रदेश नं. १ को कुल ग्राहस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रले करिब एक तिहाई (३६.३७%)ओगटेको छ । यसरि हेर्दा कृषिको विकास बिना बहुसंख्यक जनताको आर्थिकस्तर उठ्न नसक्ने तथ्यलाई सबैले नजरअन्दाज गर्नु जरुरी छ । भौगोलिक तथा वातावरणीय हिसाबले हाम्रो देशमा विभिन्न किसिमका कृषि वस्तुहरुको उत्पादन तथा विदेश निर्यातको समेत सम्भाव्यता रहेको विभिन्न आध्ययनहरुले देखाएका छन । प्रचुर सम्भावना र नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रले आफ्नो देशलाई समेत पुग्ने खाद्यान्न उत्पादन गर्न नसक्नु र बारम्बार खाद्य सुरक्षाको प्रश्न उठिरहनु दुःखद कुरा हो। खेती प्रणालीमा आधुनिक तथा बैज्ञानिक पद्धति अपनाई देशभित्रै कृषि मार्फत रोजगारी सृजना गरि ओखलढुंगा जिल्लाको मात्र नभई समग्र देशको आर्थिक वृद्धिमा टेवा पुर्याउनु यस कार्यालयको उदेश्य हो ।

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९का कारण शिथिल देशको अर्थतन्त्रलाई पुनर्जीवीत गर्न कृषिबाट मात्र सम्भव छ । रोजगारी गुमाएर विदेशबाट फर्कीएका लाखौ युवा र देशमै बेरोजगार रहेका युवाहरुलाई कृषि पेशामा आकर्षण गर्न सके देशको अर्थतन्त्रलाई फेरी चुस्त दुरुस्त राख्न सकिन्छ भन्ने कुरामा विश्वस्त छौ । यही कुरालाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्र ओखलढुंगाले युवाहरुलाई लक्षित गरी विभिन्न कृषि कार्यक्रमहरु साथै कृषकहरुलाई कृषि पेशामा विभिन्न तवरबाट व्यवसायिक बनाउन उत्प्रेरक कार्यक्रमहरु समावेश गरेको छ । मकै,कोदो,आलु,सुन्तलाजात,दलहन,तरकारी लगायतका कृषि वस्तुको प्रचुर सम्भावना बोकेको ओखलढुंगा जिल्लालाई अझ सुदृढ बनाउन कृषिलाई आधुनिक र व्यवसायिक बनाउन अत्यन्त जरुरी छ ।

कृषि ज्ञान केन्द्र ओखलढुंगाले मासिक रुपमा प्रकाशन गर्ने यस कृषि बुलेटिनमा ज्ञान केन्द्रका क्रियाकलाप,सफलता साथै अन्य कृषि सम्बन्धि जानकारीहरु समावेश गर्ने जमर्को गरेको छ । जिल्लाको कृषि विकासमा प्रत्यक्ष परोक्ष रुपमा सरोकार राख्नु हुने कृषक,कृषि विकाससंग सम्बन्धित सहयोगी सरकारी/गैरसरकारी निकायहरु,व्यापारी, कृषि प्राविधिक र सम्बन्धित सबैलाई थोरै भएपनी यो कृषि बुलेटिन उपयोगी हुने र जिल्ला प्रशासन कार्यालय,ओखलढुंगाबाट जारी गरिएको सुशासन कार्ययोजना २०७७ कार्यन्वयनमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वास लिईएको छ । यस प्रकाशनको बारेमा आफ्ना रचनात्मक राय, सुझाव र प्रतिक्रियाहरु पठाई सहयोग गरिदिनु हुनेछ भनि आशा राख्दछौ र आगामी अंक अझ संदेशमूलक बनाउदै लैजान प्रतिबद्ध छौ ।


**प्रकाशक**

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कार्यक्षत्रः ओखलढुङ्गा


टोल फ्रि नं. १६६००३७५२०००
फोन नं. ०३७-५२०१३०
ईमेल ठेगानाः akcokhaldhunga@gmail.com


## यस भित्र


- आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम
- जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठक
- निरन्तरता कार्यक्रमको सम्झौता कार्य संचालन
- क्रप कटिङ कार्यक्रम संचालन
- पाक्षिक खुद्रमुल्य संकलन
- ब्लक कार्यक्रम सूचना प्रकाशन
- संविधान दिवस
- निजामती सेवा दिवस
- ओखलढुंगा जिल्लामा धान बालीमा देखिएका मुख्य रोग किरा र तिनको व्यवस्थापन

## १.	आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रमहरु

कृषि ज्ञान केन्द्र ओखलढुङ्गाको आ.व. २०७७/०७८ कार्यक्रम सरोकारवाला निकाय भेला गरी सार्वजनिकरण गर्न विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को असहज परिस्थितीका कारण तत्काल नसकिएको हुदा जील्ला भित्रका स्थानिय तहहरु र सरोकारवाला निकायलाई पत्रचार मार्फत तपसिलका कार्यक्रम जानकारी गराई सबैले देख्नेगरी कार्यलय परिसरमा फ्लेक्स बोर्ड टास गरी आ.व.०७७/०७८ मा संचालन गर्ने कार्यक्रमहरुको लागि प्रस्ताव तथा आवेदन आव्हान सूचना प्रकाशन गर्ने कार्य गरियो।

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय

# कृषि ज्ञान केन्द्र ओखलढुङ्गा

प्रदेश नं.१

कर्यक्षत्रः ओखलढुङ्गा		तालिका-१

### आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रमको सार्वजनिकीकरण

| सि.नं. | कार्यक्रम/कृयाकलाप | इकाई | वार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट (रु हजारमा) |
| क) | कार्यक्रम/आयोजनाको नामः- कृषि विकास निर्देशनालय | | | |
| १ | स्कुल हर्टिकल्चर तालिम | संख्या | ५ | १०० |
| २ | मागमा आधारित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (कृषि विकास कार्यक्रम) | पटक/संख्या | ४ | २०० |
| ३ | ग्रामिण कृषि कार्यकर्ता/स्वयं सेवक परिचालन कार्यक्रम (कृषि विकास कार्यक्रम) | पटक/संख्या | ६ | १२० |
| ४ | स्थानीय बजारमा कृषि वस्तुको पाक्षिक खुद्रामुल्य संकलन | पटक/संख्या | ३४ | १७ |
| ५ | व्यवसायिक बगैंचाको लागि फलफूल विरुवा वितरण | पटक | २ | १५० |
| ६ | स्थानिय तहमा कार्यरत प्राविधिकसँग मासिक समन्वय तथा तथ्याङ्क अद्यावधिक बैठक | पटक | ६ | ३०० |
| ७ | जिल्ला समन्वय समिति तथा प्रदेश सभा सदस्यहरुवाट कार्यक्रम अनुगमन | पटक | १ | १५० |
| ८ | कृषि प्राविधिक/कृषक सहजकर्ताहरु मार्फत कृषक पाठशाला कार्यक्रम संचालन | संख्या | ३ | ४२० |
| ९ | विभिन्न स्थानहरुमा प्लान्ट किल्निक संचालन | पटक | ४ | २०० |
| १० | विभिन्न स्थानहरुमा माटो परीक्षण शिविर संचालन | पटक | ३ | ३०० |
| ११ | ज्ञानकेन्द्रमा नमूना प्रर्दशनस्थल स्थापना कार्यक्रम | संख्या | १ | ५० |
| १२ | वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका प्रकाशन | पटक | १ | ७५ |
| १३ | आकस्मिक प्रकोप सहयोग | पटक | ३ | १५० |
| १४ | मुख्य मुख्य बालीहरुको क्रप कटिङ | संख्या | ५० | २५ |
| १५ | एफ.एम.रेडियो मार्फत सूचना प्रवाह | पटक | ३ | ९० |
| १६ | कृषि सम्वद्ध विभिन्न दिवस मनाउने | संख्या | २ | १०० |
| १७ | घुम्ती शिविर सहभागिता | पटक | ३ | ७५ |
| १८ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | ७०० | ७३५० |

| | | | | |
|---|---|---|---|---|
| १९ | कागती खेती मिसन कार्यक्रम | संख्या | ४ | १००० |
| २० | किबी खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | १५०० |
| २१ | व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग | संख्या | ८ | २४०० |
| २२ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रम | संख्या | १० | १००० |
| २३ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | पटक | ३ | ९०० |
| २४ | अलैंची नयाँ क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | २ | १९० |
| २५ | अदुवा मिसन कार्यक्रम | संख्या | २ | १००० |
| २६ | बीउविजन आत्मनिर्भर कार्यक्रम (पहिलो वर्ष) | संख्या | १ | ६०० |
| २७ | जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम | संख्या | ५ | ५०० |
| २८ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदी) | संख्या | ४ | ४०० |
| २९ | उन्नत कृषि प्रविधि सम्बद्ध साना प्रर्दशन सामाग्री वितरण | संख्या | ३ | ३०० |
| ३० | खाद्यान्न/तरकारी/फलफूल उत्पादन प्रर्दशन | संख्या | ५ | १०० |
| ३१ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | ४० | ४००० |
| ३२ | प्रांङगारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम | पटक | ३ | ९६०० |
| ३३ | बीउविजन आत्मनिर्भर कार्यक्रम (तेश्रो वर्ष) | पटक/संख्या | १ | ५०० |
| ३४ | सघन वाली विकास आयोजना (धान, मकै गहुँ)(तेश्रो वर्ष) | पटक/संख्या | १ | ५०० |
| ३५ | एक पालिका एक नर्सरी स्थापना सहयोग | संख्या | ५ | ७५० |
| ३६ | नमूना फार्म स्थापना कार्यक्रम Model Farm | संख्या | ६ | ४२०० |
| ३७ | कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | पटक | १ | ६००० |
| **जम्मा** | | | | ४५३१२ |
| **ख)** | **प्रधानमन्त्री कृषि आधूनिकिकरण परियोजना (संघ सर्शत अनुदान)** | | | |
| १ | नयाँ ब्लक विकास कार्यक्रम | समूह | ८ | २०००० |
| **कुल जम्मा बजेट (क+ख)** | | | | ६५३१२ |

## २. जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठक संचालन

यस चालु आर्थिक वर्षको कार्यक्रम छलफल गर्न र संचालनको लागि जिल्लास्तर अनुदानग्राही छनौट समितिको पहिलो बैठक मिति २०७७ श्रावण २८ गते बसेको थियो । बैठकमा कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट चालु आ.व.०७७/७८ मा संचालन गरिने स्विकृत वार्षिक कार्यक्रमको जानकारी गराईएको थियो । गत आ.व.०७६/७७ को कार्यक्रम अनुसार छनौट भई विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको संक्रमण तथा लकडाउनका कारण सम्पन्न हुन नसकेको कार्यक्रमलाई मा.मुख्यमन्त्रीस्तरीय निर्णयबाट समेत चालु आ.व.०७७/७८ को कार्यक्रमबाट निरन्तरता दिने परिपत्र प्राप्त भए अनुसार गत आर्थिक वर्षमा छनौट भएका अनुदानग्राहीहरुलाई निरन्तरता दिन सूचना प्रकाशन गर्ने र कार्यक्रम सम्झौता गरी कार्यक्रम संचालन अघि बढाउने निर्णय भएको थियो । गत आ.व. ०७६/७७ को निरन्तरता दिनु पर्ने कार्यक्रम बाहेक बाँकी रहेका कार्यक्रमहरुको सूचना प्रकाशन गर्ने निर्णय भएको भियो ।

## ३.	निरन्तरता कार्यक्रमको सम्झौता कार्य संचालन

आ.व.०७७/०७८ को स्विकृत वार्षिक कार्यक्रम अनुसार गत आ.व.०७६/७७ को कार्यक्रममा छनौट भई निरन्तरता पाएका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उधमीहरुको विवरण देहायका तालिका-१ बमोजिम रहेको छ । मिति २०७७ साल भाद्र १ गते १५ दिने कार्यक्रम सम्झौता गर्ने सम्बन्धि सूचना प्रकाशन भई कार्यक्रम सम्झौता कार्य सम्पन्न भएको छ । सघन बाली विकास कार्यक्रम (तेश्रो वर्ष) निरन्तरता कार्यक्रम पनि सघनबाली विकास समितिसँग सम्झौता भएको छ । सम्झौता पश्चात कृषक/समूह/संस्थाहरुले कार्य थालनी गरिएको छ ।

**तालिका – २**

| सि.नं. | अनुदानग्राही समूह/संस्था/कृषकको नाम | ठेगाना | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | सिरानघरे कन्छा कृषि फर्म प्रा.लि. | सुनकोशी -१० | कागती खेति मिसन कार्यक्रम |
| २ | AMT कृषि तथा पशुपन्छी फर्म | मानेभन्ज्यांङ -१ | |
| ३ | रोजिना फलफुल व्यवसाय | सिद्धिचरण न.पा-३ | |
| ४ | सोलुङ एग्रो प्रा.लि. | सुनकोशी - १० | |
| ५ | ओर्गानिक फलफुल तरकारी खेति तथा प्रशोधन उद्योग | सिद्धिचरण न.पा-३ | किबी खेति प्रबर्द्धन कार्यक्रम |
| ६ | भावना तरकारी तथा फलफुल कृषि फर्म | सिद्धिचरण न.पा-९ | व्यवसायीक फलफुल बगैचा स्थापना सहयोग कार्यक्रम |
| ७ | ओखलढुंगा नमुना कृषि फर्म प्रा.लि. | चम्पादेवी - १० | |
| ८ | श्री धनलक्ष्मी कृषि तथा पशुपालन फर्म | सिद्धिचरण न.पा-१२ | सुन्तलाजात बगैचा व्यवस्थापन एवम् सुदृढीकरण कार्यक्रम |
| ९ | भूदेव कृषि तथा पशुपन्छी फर्म | सिद्धिचरण न.पा-९ | |
| १० | राजदेवी फलफुल तथा तरकारी फर्म | सुनकोशी १० | |
| ११ | मनकामना कृषि फर्म | सिद्धिचरण न.पा-८ | |
| १२ | युवा उद्यमी कृषि तथा पशुपालन फर्म | सिद्धिचरण न.पा- ८ | |
| १३ | डेलिसियस कृषि तथा पशुपन्छी फर्म | सुनकोशी १ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम |
| १४ | सक्षम कृषि प्रा.लि. | सिद्धिचरण न.पा-५ | |
| १५ | जलेश्वरी कृषक समूह | सिद्धिचरण न.पा-७ | |
| १६ | एस.के. सुनुवार एग्रीकल्चर फर्म | सुनकोशी ९ | |
| १७ | बलकन्या सिद्धबाबा कृषि उद्योग | सिद्धिचरण न.पा-५ | अदुवा मिसन कार्यक्रम |
| १८ | प्रगतिशील कृषक समूह | चम्पदेवी ६ | |
| १९ | हरियाली कृषि तथा पशुपालन कृषक समूह | सिद्धिचरण न.पा-२ | रैथाने बाली उत्पादन प्रबर्द्धन कार्यक्रम |
| २० | सृजनशिल कृषि सहकारी संस्था | सिद्धिचरण न.पा-८ | |
| २१ | मनिला अर्गनिक कृषि फर्म | सिद्धिचरण न.पा-९ | |
| २२ | सन्तोष कुमार खत्री | सुनकोशी ५ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम |
| २३ | कलपेश्वोर कृषि तथा पशुपन्छी फर्म | चम्पदेवी ८ | |
| २४ | निम छिरिंग तामांग | सिद्धिचरण न.पा-८ | |
| २५ | तारा श्रेष्ठ | मानेभन्ज्याङ्ग - ५ | |
| २६ | तेन्जी शेर्पा | खिजीदेम्बा-८ | |
| २७ | टिका बा. मगर | चिसंखुगढी -१ | |
| २८ | सन्तोष वि.क. | सिद्धिचरण न.पा-९ | |
| २९ | गोपाल खत्री | सिद्धिचरण न.पा-१२ | |
| ३० | राघुटार कृषि व्यवसायी फर्म | चिसंखुगढी-३ | |

| | | | |
|---|---|---|---|
| ३१ | अशोक कुमार खड्का | चम्पादेवी - ६ | |
| ३२ | माझ चण्डेश्वोरी कृषक समूह | सिद्धिचरण न.पा-४ | नमुना फर्म स्थापना कार्यक्रम |
| ३३ | तारा बहुउदेश्य कृषि फर्म प्रा.लि. | चिसंखुगढी - ३ | |
| ३४ | भिमसेन फलफुल तथा तरकारी फर्म | मोलुङ - १ | |
| ३५ | शिवम कृषि फर्म | मानेभन्ज्याङ - २ | |
| ३६ | शेरा बेशी एग्रोभेट कृषि फर्म प्रा. लि. | चम्पादेवी - ७ | |
| ३७ | घिसिंङ कृषि व्यवसायी फर्म | खिजीदेम्बा - ५ | |
| ३८ | सघन बाली विकास समिति | मोलुङ- ३, ४, ५ | सघन बाली विकास कार्यक्रम (तेश्रो वर्ष) |

## ४. क्रप कटिङ कार्यक्रम संचालन

२०७७ साल श्रावण र भाद्र महिनामा Sampling विधिबाट उत्पादन तथा उत्पादकत्व आकलन गर्न वर्षे मकै बाली र वर्षे आलु बालीको क्रप कटिङ गर्ने कार्य भएको छ । जिल्लामा कुल १२४०० हेक्टरमा वर्षे मकै खेती लगाईएको थियो । उक्त क्षेत्रफलबाट यस वर्ष मकै उत्पादन कुल ४१,७४७ मे.टन. भएको आकलन गरिएको छ । यस वर्ष जिल्लाको मकैको उत्पादकत्व प्रति हेक्टर ३.४ मे.टन रहेको छ । मौसम अनुकुल र उनन्त बीउविजन प्रयोग गर्ने कृषकहरुको संख्या वृद्धिले मकै उत्पादन गत वर्ष भन्दा यस वर्ष राम्रो रहेको छ । वर्षे आलु जिल्लाको कुल १,४७२ हेक्टरमा लगाईएको थियो । उक्त क्षेत्रफलबाट कुल उत्पादन ८,२४३.२ मे.टन. भएको छ । प्रति हेक्टर उत्पादकत्व ५.६ मे.टन रहेको छ । गत वर्षको तुलनामा यस वर्ष प्रति हेक्टर उत्पादकत्व ५.४ मे.टन.ले ह्रास आएको छ । अत्याधिक वर्षा भई आलु बालीको लागि प्रतिकूल मौसम हुँदा र आलु बालीको वानस्पतिक वृद्धि अवस्थामा डढुवा रोगको संक्रमणका कारण यस वर्ष वर्षे आलु उत्पादनमा ठूलो ह्रास भएको छ । स्थानीय ओखलढुंगा बजारमा श्रावण भाद्र महिना औषत प्रति के.जी. रु.५०।– रुपयाँमा कारोबार हुने आलु यस वर्ष प्रति के.जी. ९० रुपयाँ सम्म मुल्य रहेको छ।

## ५. पाक्षिक खुद्रमुल्य संकलन

कृषि उपज वस्तुको स्थानीय बजारमा बर्षभरी कारोबार हुने मुल्यको तथ्यांक अभिलेख गर्न कृष ज्ञान केन्द्र, ओखलढुंगाले पाक्षिक रुपमा केही कृषि वस्तुहरुको खुद्रा मुल्य संकलन कार्य यस आर्थिक वर्ष देखि शुरुवात गरिएको छ । २०७७ साल श्राणव र भाद्र महिनाको औषत पाक्षिक मुल्य तालिका-३ बमोजिम रहेको छ ।

**जील्लाः ओखलढुङ्गा** **तालिका-३** **बजारः ओखलढुङ्गा**

| सि.नं. | बस्तुको नाम | इकाई | श्रावण | | भाद्र | | औषत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ गते | २१ गते | ३ गते | २४ गते | | |
| १ | चामल मोटो | के.जी. | ४७ | ४६ | ४८ | ४८ | ४७.२५ | |
| २ | चामल मध्यम | के.जी. | ६२ | ६१ | ५८ | ६० | ६०.२५ | |
| ३ | चामल मसिनो | के.जी. | ७८ | ७८ | ७६ | ७८ | ७७.५ | |
| ४ | च्युरा ताईचूङ | के.जी. | ८५ | ८३ | ८३ | ८३ | ८३.५ | |
| ५ | च्युरा स्थानीय | के.जी. | ० | ० | ० | ० | ० | |
| ६ | गहूंको पिठो | के.जी. | ६० | ६० | ६० | ६० | ६० | |
| ७ | मासको दाल | के.जी. | १५७ | १५८ | १५४ | १५६ | १५६.२५ | |
| ८ | रहरको दाल | के.जी. | ० | ० | ० | ० | ० | |
| ९ | मुगीको दाल | के.जी. | ० | ० | ० | ० | ० | |
| १० | मूसूरोको दाल | के.जी. | १३० | १२३ | १२४ | १२४ | १२५.२५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | भटमास | के.जी. | १३९ | १३८ | १४० | १४० | १३९.२५ | |
| १२ | चना ठूलो | के.जी. | १४० | १४० | १३६ | १३६ | १३८ | |
| १३ | चना सानो | के.जी. | १३० | १३० | १२८ | १२८ | १२९ | |
| १४ | केराउ ठूलो | के.जी. | १२० | १२० | १२० | १२० | १२० | |
| १५ | केराउ सानो | के.जी. | १३० | १३० | १३० | १३० | १३० | |
| १६ | तोरीको तेल | लिटर | १७४ | १७० | १७२ | १७२ | १७२ | |
| १७ | भटमासको तेल | के.जी. | १७० | १७० | १७० | १७० | १७० | |
| १८ | घ्यु खारेको | माना | ६०० | ६०० | ६०० | ६०० | ६०० | |
| १९ | वनस्पति घ्यु | के.जी. | ० | ० | ० | ० | ० | |
| २० | कुखुराको मासू | के.जी. | ४०० | ४०० | ४०० | ४०० | ४०० | |
| २१ | खसिको मासू | के.जी. | ८०० | ८०० | ८०० | ८०० | ८०० | |
| २२ | रांगाको मासू | के.जी. | ४५० | ४५० | ४५० | ४५० | ४५० | |
| २३ | सुगूरको मासू | के.जी. | ३५० | ३५० | ३५० | ३५० | ३५० | |
| २४ | माछा | के.जी. | ० | ० | ० | ० | ० | |
| २५ | कूखूराको फुल | गोटा | १५ | १५ | १५ | १५ | १५ | |
| २६ | दूध | लिटर | ९० | ९० | ९० | ९० | ९० | |
| २७ | चिनी | के.जी. | ८५ | ८५ | ८८ | ८८ | ८६.५ | |
| २८ | आलू रातो | के.जी. | ७६ | ८० | ७० | ८६ | ७८ | |
| २९ | आलू सेतो | के.जी. | ७० | ७० | ६० | ८० | ७० | |
| ३० | गोलभेडा ठुलो | के.जी. | ११२ | १२२ | १५० | १४२ | १३१.५ | |
| ३१ | गोलभेडा सानो | के.जी. | ० | ० | १५० | १५० | १५० | |
| ३२ | वन्दाकोपी | के.जी. | ६४ | ७० | ६० | ६० | ६३.५ | |
| ३३ | काउली तराई | के.जी. | ० | ० | ० | ० | ० | |
| ३४ | काउली पहाड | के.जी. | १२० | १५० | १५० | १५० | १४२.५ | |
| ३५ | मटर कोसा | के.जी. | ० | ० | ० | ० | ० | |
| ३६ | परवल | के.जी. | ० | ० | ० | ० | ० | |
| ३७ | भेडे खूर्सानी | के.जी. | १५० | १५० | १५० | १५० | १५० | |
| ३८ | आंप | के.जी. | १३२ | १२० | ० | ० | १२० | |
| ३९ | सून्तला | के.जी. | ० | ० | ० | ० | ० | |
| ४० | स्याउ | के.जी. | ३८० | ३८० | २९० | ३१० | ३४० | |
| ४१ | केरा | दर्जन | १४२ | १४२ | १४६ | १४६ | १४४ | |
| ४२ | सूकेको प्याज | के.जी. | ७० | ७० | ६० | ६० | ६५ | |
| ४३ | सूकेको लसून | के.जी. | २४४ | २४४ | ३०० | ३०० | २७२ | |
| ४४ | अदूवा | के.जी. | १०० | १०० | १५० | १५० | १२५ | |
| ४५ | सूकेको खूर्सानी | के.जी. | ७०० | ७०० | १००० | १००० | ८५० | |
| ४६ | हरियो खूर्सानी | के.जी. | ५०० | ५०० | ४०० | ४०० | ४५० | |
| ४७ | धन | के.जी. | ० | ० | ० | ० | ० | |
| ४८ | मकै | के.जी. | ० | ० | ० | ० | ० | |
| ४९ | गहु | के.जी. | ० | ० | ० | ० | ० | |
| ५० | कोदो | के.जी. | ० | ० | ० | ० | ० | |
| ५१ | गहत | के.जी. | ० | ० | ० | ० | ० | |

## ६. ब्लक कार्यक्रम सूचना प्रकाशन

कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट चालु आ.व.०७७/७८ मा संचालन हुने ८ वटा ब्लक कार्यक्रम संचालन गर्न कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि समितिहरुको लागि आवेदन प्रस्ताव पेश गर्न मिति २०७७।०५।२ गते २१ दिने सूचना प्रकाशन गरिएको थियो । सूचना प्रकाशन तथा प्रसारण कार्यालयको सूचना पाटीमा लगायत जिल्लास्तरका विभिन्न सरकारी कार्यलयको सूचना पाटीमा सूचना टाँस गरिएको थियो । न.पा./गा.पा. सूचना पठाई वडा कार्यालयहरुमा समेत सूचना टाँसको लागि सहजीकरण गर्न ओखलढुंगाका सबै स्थानीय तहहरुलाई पत्रचार भएको थियो । ओखलढुंगा जिल्लामा रहेका स्थानीय संचार माध्यामहरु एफ.एम.रेडियो, अनलाईन खबर मार्फत सूचना प्रवाह गरिएको थियो ।सूचना बमोजिम कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि समितिहरुले रीतपूर्वक आवेदन दर्ता गर्ने अन्तिम मिति २०७७ भाद्र २२ गतेसम्म थियो । कार्यालयमा दर्ता भएका आवेदन प्रस्ताव उपर स्थलगत फिल्ड भेरिफिकेसन गरी फिल्ड प्रतिवेदन पेश गर्न कार्यालयको स्टाफ बैठकबाट एक प्राविधिक कार्यदल गठन गरिएको छ र स्थलगत फिल्ड निरिक्षणको लागि प्राविधिक कर्मचारीहरु खटाई सकेको छ ।

## ७. निजामती सेवा दिवसः

नेपालमा हरेक वर्ष भाद्र २२ गते देशभर बिभिन्न कार्यक्रम गरी निजामती सेवा दिवस मनाउने गरिन्छ । “स्वच्छ र सक्षम् प्रशासनःसमृद्धि र सुशासन” भन्ने मूल नाराका साथ यस कार्यलयमा पनि निजामती सेवा दिवसको दिन सम्पुर्ण कर्मचारीहरुबाट कार्यालय परिसर सरसफाई तथा बगैचामा फूल रोपण कार्य गरि निजामती सेवा दिवस मनाइएको थियो।

## ८. संविधान दिवसः

नेपालको इतिहासमैं प्रथम पटक जनप्रतिनिधि सम्मिलित संविधानसभाबाट २०७२ अशोज ३ गते नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले "नेपालको संविधान २०७२"लाई हस्ताक्षर गरी अनुमोदन गरेसंगै नेपालको संविधान जारी भएको र सो दिनलाई संविधान दिवसको रुपमा मनाउदै आइएको छ । संविधान दिवसको पावन अवसरमा कृषि ज्ञान केन्द्रले तीन दिन सम्म साझ दिप प्रज्वलन र राष्ट्रिय झण्डा फहराएर २०७७ सालको संविधान दिवस भव्यताका साथ मनाईएको थियो ।

## ९. ओखलढुंगा जिल्लामा धान बालीमा देखिएका मुख्य रोग किरा र तिनको व्यवस्थापन

**रोगहरु :**

| रोगको नाम | लक्षण | व्यवस्थापन विधि |
|---|---|---|
| **ब्लास्ट रोग** | पातमा स-साना सेता टिका बीचमा भएका लम्चीला खैरा थोप्ला देखा पर्दछन ।बाला देखि तलको डाँठको वरीपरी वा आख्लामा खैरो रङ्ग भएको दाग पनी देखिन्छन । | • रोग निरोधक जातहरु लगाउने ।<br>• कार्बेन्डाजिम ५०%WP (जस्तै बेभिष्टिम वा डोरोसाल) २-३ ग्राम /के.जी. का दरले बिउ उपचार गरी ब्याड राख्ने ।<br>• सिफारिस अनुसार मात्र नईट्रोजन मलको प्रयोग गर्ने ।<br>• खेतमा पानी जमाई राख्ने ।<br>• प्राविधिकको सिफारिसमा ट्राइसाईकाजोल ७५% WP(जस्तै बान,लोजीक,ट्रिप) ०.७५ ग्राम/लिटर वा सुगामाईसिन ३% SL(जस्तै कासु-बी,किमाईसिन) १.५ मि.लि./लिटर पानी वा हेक्जाकोनाजोल ५%EC (जस्तै एभोन,कम्फोर्ट,हेक्जाप्रस) २ ग्राम प्रति लिटर वा क्रेसोक्जिम मिथाइल ४४.३ SC(जस्तै इर्जोन) १ मि.लि./लिटर पानीमा |

| | | |
|---|---|---|
|  |  | मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने । |
| **व्याक्टेरियल लिफ ब्लाईट** | पातको किनारबाट लामो पहेला वा खैरा रङ्गका धर्साहरु देखिन्छन,पात टुप्पोबाट सुकेर जान्छ ।  | • रोग निरोधक जातहरु लगाउने ।<br>• सिफारिस अनुसार मात्र रसायनिक मलको प्रयोग गर्ने ।<br>• रोग लागेको खेतमा केहि दिन पानी सुकाईदिने<br>• स्टेप्टोमाइसिन सल्फेट ९% + टेट्रासाईक्लिन हाईड्रोक्लोराईड १%WP एग्रीमाईसिन-१००,०.२५ ग्राम/लिटर पानीको झोलमा बिउलाई ३० मिनेट सम्म डुबाएर बिउ उपचार गर्ने ।<br>• नजिकैको कृषि शाखा वा ज्ञान केन्द्रमा प्राबिधिकको सल्लाह अनुसार काम गर्ने । |

**किराहरु :**

| किराको नाम | पहिचान | क्षतिको लक्षण | व्यवस्थापन विधि |
|---|---|---|---|
| **धानको पतेरो** | वयस्क पतेरो खैरोमा हिरयो मिसएको हुन्छ भने वच्चा पतेरो हिरयो हुन्छ।यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ।  | पातमा बढी आक्रमण भएमा वोट नै पहेलिने हुन्छ र वालामा आक्रमण गरेको छ भने दानाहरुमा खैरो दाग देखिने, दानाहरु फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गदर्छ। | • खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको वैकिल्पक आश्रयस्थललाई नष्ट गर्ने ।<br>• एकै समय पाक्ने धानका जातहरु छनोट गरी लगाउने।<br>• प्रकाश पासोको माध्यमबाट वयस्क कीरालाई मार्न सकिन्छ।<br>• डर्टी ट्रयापको प्रयोग गर्ने।यसको लगि गाई भैसीको ताजा पिसावमा कपडा वा जुटको वोरालाई भिजाएर एउटा घोचोको एक छेउमा बांध्ने र उक्त घोचोलाई धान बारीको बीचमा लगेर गाड्ने गर्नुपर्दछ।ट्रयापमा आकर्षित भएका पतेरोहरुलाई बाहिर पट्टिबाट प्लास्टिकको झोलाले छोपी संकलन गरी मार्ने।<br>• यो कीराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पमा कीटनाशक विषादी जस्तै मालाथियन ५०%EC (जस्तै साइथियन, अनुमालाथियन,सूर्याथियन) २ मिलि प्रतिलिटर अथवा साइपरमेथ्रिन २५% EC (जस्तै अनुकिल, साइपरसीड, के आइसाइपर) वा फेन्भेलेरेट २०% EC (जस्तै अनुफेन, फेनभल, कीफेन) ०.५ मिलि प्रति लीटर पानीका दरले कुनै एक विषादी बिरुवा राम्ररी भिज्ने गरि छर्कनुपर्दछ । |

| | | | |
|---|---|---|---|
| **पात बेरुवा** | हल्का खैरो रङ्गका वयस्क पुतली हन्छन। पखेटामा दुईवटा बाङ्गा टिङ्गा धर्षाहरु हुन्छन्। लार्भा हल्का हिरयो रङ्गका हुन्छन्।  | पातलाई वेरेर भित्र पट्टि बसी पातको हिरयो पदार्थ खाईदिन्छन् र पात सुक्दछन। | • धान रोप्ने बेलामा स्वास्थ्य र बलिया बेर्नाको प्रयोग गर्ने।<br>• नाईट्रोजनयूक्त मलको उचित प्रयोग गर्ने।<br>• धान खेतको राम्ररी गोडमेल गर्ने।<br>• काँडेदार डोरी लिई दुवै छेउमा समातेर खेतको दुई छेउमा बन्ने र धानलाई छुवाएर त्रमशःविपरित दिशातिर जाने। यसो गर्नाले धानको पातमा रहेका पात वेरुवाका लार्भाहरु पानीमा खसेर नष्ट हुन्छन्।<br>• बि.टी.कुस्टाकी नामक जैविक विषादी १.५ मि.लि. प्रति लिटर पानीमा मिसाई खेतमा छर्कने ।प्रति हेक्टर जमिनमा ५००-६०० लीटर जैविक विषादी र पानीको झोल प्रयोग गर्ने।<br>• प्रकोप बढी भएमा अन्तिम विकल्पको रुपमा बजारमा सिजलैसँग उपलब्ध हुने सम्पर्क विषादी क्लोरपाइरिफस २०% EC (जस्तै डर्सवान, डरमेट,फाइनवेन) १.२५ मिलि/लिटर वा कार्वोसल्फान २५% EC (जस्तै मार्सल)१ मिलि प्रति लिटर, कारटाप हाइड्रोक्लोराइड ४% GR (जस्तै अनुदान, विदान, कीटाप) १ मि. लि. प्रति लिटर वा लाम्डासहोइलोथ्रिन ५% EC (जस्तै एजेन्टप्लस, ब्राभो ५०००, कराते) ०.५ मिलि प्रति लिटर वा अजाडीराक्टीन ०.१५% (जस्तै मल्टीनेमोर, निकोनिम) ३-५ मिलि प्रति लिटर दरले छर्ने। |

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्रः ओखलढुङ्गा

............................................................

............................................................